मिति : २०७९/०७/२० (आइतवार) स्थान : पोखरा महानगरपालिका सभाहल

बैठक संख्या : सातौं समय : दिनको २ : ३० बजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस पोखरा महानगरपालिकाको कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषद्को बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवस प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| [illegible] | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा
गण्डकी प्रदेश, नेपाल

## कार्यपालिकाको सातौं बैठकको प्रस्तावहरु

१. भू-उपयोग बर्गीकरण सम्बन्धमा ।

२. सरसफाई साझेदार कम्पनीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

३. बिविध ।

प्रमुख प्रशासकीय अधिकृत

# कार्यपालिकाको सातौं बैठकको निर्णयहरु (२०७९/०७/२०)

**निर्णय नं. १ :-** भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली,२०७९ बमोजिम पोखरा महानगरपालिका क्षेत्र भित्रका वडाहरुको भुउपयोगको अवस्था अध्ययन गरि प्रतिबेदन प्राप्त भएकोमा वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, १२, र २९ (साविक शिसुवा गा.वि.स.वडा नं. १ र २) वडाको अध्ययन सकिएको र ति वडाहरुमा कृषि क्षेत्र बाँकी नरहेकोले उल्लिखित वडाको सम्पूर्ण क्षेत्र गैर कृषि क्षेत्रमा बर्गीकरण गरि भू-उपयोग योजना लागु गर्न आवश्यक प्रक्रिया अघि बढाउन संघीय सरकार, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा र कित्ता काट प्रयोजनको लागि मालपोत कार्यालय र नापी कार्यालय कास्की/लेखनाथमा लेखि पठाउने । साथै अन्य वडाको हकमा छलफल सकिंदा साथ निर्णय गरि लेखि पठाउने ।

**निर्णय नं. २ :–** पोखरा महानगर क्षेत्रको फोहोर मैला संकलन गर्ने साझेदार देहायका कम्पनीहरुको महानगरपालिका सँग भएको सम्झौताको म्याद मिति २०७९ आश्विन मसान्तमा समाप्त भएको र फोहोर संकलन तथा व्यवस्थापन गर्ने अर्को बैकल्पिक व्यवस्था भई नसकेको हुँदा २०७९ असोज मसान्त सम्मको महानगरपालिकालाई बुझाउनुपर्ने रकम भुक्तानी गरेका साझेदार कम्पनीसँगको सम्झौताको म्याद समाप्त भएको मिति २०७९/०७/०१ देखि ३ महिनाको लागि देहाय बमोजिमको रकम अग्रिम रकम भुक्तानी लिई सम्झौता अवधि थप गर्ने निर्णय गरियो ।

| सि. नं. | साझेदार कम्पनीको नाम | वार्षिक बुझाउनु पर्ने रकम रु | ३ महिनाको लागि अग्रिम बुझाउनुपर्ने रकम रु. |
|---|---|---|---|
| १ | पोखरा फोहोर मैला प्रा.लि. | २३,५३,८६७।०० | ५,८८,४६७।- |
| २ | बृहत वातावरणीय नेपाल प्रा.लि. | १२,५७,२०३।०० | ३,१४,३००।- |
| ३ | वेष्ट मेनेजमेण्ट रिसाईक्लिङ्ग प्रा.लि. | २२,६९,६३१।०० | ५,६७,४०८।- |
| ४ | नेपाल पव्लिक हेल्थ एण्ड ईन्भाईरोमेण्ट फर डेभलपमेण्ट प्रा.लि. | १३,००,२०७।०० | ३,२५,०५२।- |
| ५ | भद्रकाली वेष्ट म्यानेजमेण्ट प्रा.लि. | ४४,०२,७९१।०० | ११,००,६९८॥- |
| ६ | प्रगती संसार प्रा.लि. | ४१,८८,७७२।०० | १०,४७,१९३।- |
| ७ | वेष्ट सर्भिस प्रा.लि. | १२,१०,०००।०० | ३,०२,५००।- |
| | जम्मा | | ४२,४५,६१८।- |

**निर्णय नं.३ :-** गत आ.व.मा सुविस्ताको आधारमा ठेक्का तोडिई निर्माण बाँकी रहेको वडा नं. २५ को देविस्थान- चापाघाट सडक खण्डको बाँकी भाग निर्माण गर्न चालु आ.व. मा बजेट विनयोजन भएकाले खरिद प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ४ :- महानगरपालिकाले अपांग हरुको संस्था** स्वाबलम्बन जीवन पद्धति केन्द्रलाई उपलब्ध गराएको Chasis no. mat460151 kuro7782, Winger 14 +D mini Bus मोडेलको मिनी बस उक्त संस्थाको नामसारी गर्न यातायात कार्यालय गण्डकी अञ्चलमा सिफारिस गर्ने ।

**निर्णय नं. ५** :- वडा नं. १३ मा गत आ.व. को बजेटमा व्यवस्था भई निर्माण कार्य अघि बढेको तर आ.व. को अन्तमा भुक्तानी हुन नसकेको जामे मस्जिदमा ट्रस निर्माण कार्यको भुक्तानी बाँकी रु. २,०७,३२०।- चालु आ.व. मा ब.उ. शीर्षक नं. ८०४३९२०१७०१ (अर्थ बिबिध) मा रहेको खर्च शीर्षक नं. ३१५११ भैपरी आउने पूँजीगत शीर्षकबाट रकमान्तर गरि भुक्तानी दिने ।

**निर्णय नं. ६** :- वडानं. २४ मा रहेको हेल्थ पोष्टबाट बास्कोट क्षेत्रका बासीन्दालाई स्वास्थ्य सेवा उपलव्ध हुन नसकेकाले बास्कोट क्षेत्रमा स्वास्थ्य सेवा उपलव्ध गराउन स्वास्थ्य महाशाखामा कार्यरत मौज्दात कर्मचारीबाटै संचालन हुने गरि बाँस्कोटमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने ।

**निर्णय नं. ७** :-वडा नं. २७ मा कार्यरत कर्मचारी कर्यालय सहयोगी रविप्रसाद अधिकारी को छोरा श्री विजय अधिकारी मोटरसाईकल दुर्घटनामा परी दाहिने खुट्टा घुँडा मुनीको भाग काट्न परेकोले निजलाई मिल्दो शीर्षकबाट उपचारको लागि रुं १,५०,०००।- आर्थिक सहायता उपलव्ध गराउने र निजको उपचारमा अधिकतम सहुलियत उपलव्ध गराउन पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सिफारिस गर्ने ।

**निर्णय नं. ८** :- प्रारम्भिक वातावरणिय परीक्षण प्रतिबेदन स्वीकृत भई बोलपत्र प्रक्रियामा जान बाँकी निम्न घाटहरुका नदीजन्य सामाग्री विक्री वितरणको लागि E–Bidding प्रक्रिया अपनाई बोलपत्र प्रकाशन गरी ठेक्का लगाउन आवश्यक प्रक्रिया अघि बढाउने । साथै बोलपत्र नपरेका अन्य घाटहरुको नियमानुसार पुनः टेण्डर आव्हान गर्ने ।

घाटहरु

| सि.नं. | घाटको नाम | वडा नं. |
|---|---|---|
| १ | पुरुन्चौर ढोडेनी घाट | १९ |
| २ | ढाव घाट | १९ |
| ३ | मर्दि लस्ती दोभान घाट | १९ |
| ४ | विजयपुर घाट | १३ |
| 5 | भेडिफाराम घाट | १४ |

निर्णय नं. ९:- पोखरा महानगरपालिकाको १७ नं वडा कार्यालय भवन बनाउन आवश्यक भएकाले पोखरा उपत्यका नगर विकास समितिको नाउंमा वडा नं. १७ मा रहेको कि. नं. ३६ क्षेत्रफल ११३१.२०, कि. नं. ३३ क्षेत्रफल ४६५ ब. मि. , कि. नं. ३५ क्षेत्रफल १०७७६ बर्ग मि., कि. नं. १८० क्षेत्रफल ९५१० बर्ग मि सहितको जम्मा क्षेत्रफल २१८८२.२० बर्ग मिटर जग्गामा निर्माण हुने महानगरपालिकाको प्रशासकीय भवनको पुर्व तर्फ १७ नं वडा कार्यालयको भवन निर्माण गर्ने व्यवस्था मिलाउने ।